"हामी सवैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शैक्षिक प्रशासन महाशाखा
विराटनगर, मोरंग
प्रदेश नं.१, नेपाल

प.स. : २०७६/०७७
च.नं. ५४८

मिति : २०७६।१०।१९

विषयः- **"महानगरस्तरीय आधारभूत तहको (कक्षा-८) परीक्षा २०७६"** सम्बन्धी आवश्यक निर्देशन सम्बन्धमा ।

श्री सबै विद्यालयहरु,
विराटनगर ।

प्रस्तुत विषयमा विराटनगर महानगरपालिकाद्वारा मिति २०७६।११।२९ गतेबाट नगरस्तरीय आधारभूत तहको (कक्षा -८ परीक्षा ) अन्तिम परीक्षा सञ्चालन हुन गइरहेको हुँदा तपसिल बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

## तपसिल

१. विराटनगर महानगरपालिकाद्वारा मिति २०७६।११।२९ गतेबाट नगरस्तरीय "**आधारभूत तहको (कक्षा -८ परीक्षा ) परीक्षा २०७६** "तपसिलको परीक्षा तालिका बमोजिम गर्नु गराउनु हुन

### परीक्षा तालिका

**विराटनगर महानगरपालिकाबाट सञ्चालित २०७६ सालको आधारभूत तहको अन्त्यमा लिइने कक्षा ८ को परीक्षा कार्यक्रम २०७६।११।२९**

| मिति | कक्षा ८ साधारण विद्यालय | कक्षा ८ संस्कृत विद्यालय | समय अपरान्ह १:०० बजे |
|---|---|---|---|
| २०७६।११।२९ | अंग्रेजी | अंग्रेजी | " " |
| २०७६।११।३० | नेपाली | नेपाली | " " |
| २०७६।१२।०२ | विज्ञान | विज्ञान,स्वास्थ्य र शारीरिक | " " |
| २०७६।१२।०३ | सामाजिक तथा जनसंख्या | सामाजिक तथा जनसंख्या | " " |
| २०७६।१२।०४ | पेशा, व्यवसाय र प्रविधि | पेशा, व्यवसाय र प्रविधि | " " |
| २०७६।१२।०५ | गणित | गणित | " " |
| २०७६।१२।०६ | कम्प्युटर | संस्कृत भाषा | " " |
| २०७६।१२।०७ | नैतिक+स्वास्थ्य+शारीरिक | संस्कृत व्याकरण र अनुवाद | " " |

१. सामुदायिक (धार्मिक विद्यालय-गुरुकुल मदरसा समेत) विद्यालयहरुले विराटनगर महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखामा र संस्थागत विद्यालयहरुले प्याब्सन/एन.प्याब्सन, विराटनगरको कार्यालयबाट विद्यार्थी संख्याको आधारमा आवेदन फाराम बुझेर लानु पर्नेछ ।

२. प्याब्सन/एन.प्याब्सन, विराटनगरसंग आवद्धता नभएका संस्थागत विद्यालयहरुले विराटनगर शैक्षिक प्रशासन महाशाखाबाट आवेदन फाराम बुझेर लान सकिनेछ ।

नगर शिक्षा अधिकारी

"हामी सवैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

# विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**शैक्षिक प्रशासन महाशाखा**

विराटनगर, मोरंग

प्रदेश नं.१, नेपाल

प.स. : २०७६/०७७

च.नं. ५४८

२. संस्थागत विद्यालयले परीक्षा शुल्क वापत प्रति विद्यार्थी रु.२५०।- का दरले संकलन गरी विराटनगर महानगरपालिकाको हि.नं.०२४१०५०६६२२५२४०१ एन.आइ.सि.एसिया बैंकमा जम्मा गरी एक प्रति सक्कल भौचर म.न.पा. शैक्षिक प्रशासन महाशाखामा पेश गर्नु पर्नेछ ।

३. केन्द्रको निर्देशन बमोजिम यस वर्षदेखि कक्षा ८ को परीक्षालाई IEMIS मा आवद्धता गराउनु पर्ने भएकोले IEMIS नभर्ने विद्यालय र विद्यार्थीहरुलाई महानगरस्तरीय आधारभूत तहको परीक्षा (कक्षा-८) मा सामेल गराउन सकिने छैन ।

४. कक्षा ८ का परीक्षार्थीहरुले परीक्षामा सहभागी हुनका लागि भरेका आवेदन फारामका विवरणहरु सत्य तथ्य भए नभएको एकिन गरी राम्रोसंग रुजु गरेर मात्र बुझाउन हुन अनुरोध छ । आवेदन फाराममा भएका सबै विवरणहरु पछिसम्म फरक नपर्ने गरी अनिवार्य रुपमा विद्यार्थीहरुबाट भराउनु पर्नेछ साथै विद्यालयले प्रत्येक विद्यार्थीको IEMIS ID र विद्यालयको IEMIS कोड अनिवार्य रुपमा भर्नु पर्नेछ ।

५. शिक्षा नियमावली २०५९(संसोधन सहित) को नियम ७८ को उपनियम ६ मा व्यवस्था भए बमोजिम जुन सालको SEE को परीक्षामा सम्मिलित हुने हो सोही सालको चैत्र मसान्तसम्म १४ वर्ष उमेर पुरा हुनु पर्ने प्रावधान छ । जन्मदर्ता जस्तो संवेदनशील कुरामा विद्यार्थीको जन्मदर्ता अभिभावकको इच्छा (उमेर घटाउने र बढाउने) बमोजिम हुने गरेकोमा अव उप्रान्त कक्षा ८ को अन्तिम परीक्षामा विद्यार्थीहरु सम्मिलित हुनका लागि २०७६ साल चैत्र मसान्तसम्ममा १२ वर्ष उमेर पुरा गरेको हुनु पर्नेछ । सो भन्दा कम उमेर भएका विद्यार्थीहरुलाई आवेदन फाराम भर्ने भराउने काम नगर्न नगराउन हुन समेत जानकारी गराइन्छ ।

२०७६।१०।१६

दुर्गाप्रसाद खतिवडा

नगर शिक्षा अधिकारी

अधिकृत दसौं